नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २९६ २०८२ साल असार १८ गते बुधबार (2 July 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : शिक्षकसँग गरिएको सम्झौता... ३ पृष्ठमा : नेपाल 'सोलो एड्भेन्चर ... ३ पृष्ठमा द्क्षिणी भारतको एक ...

## बसको ठक्करबाट बालकको ज्यान गएको बिरोधमा स्थानीयद्वारा सडक अवरुद्ध



**दैनिक समाचारदाता**
**राजबिराज, १७ असार ।**

पूर्व-पश्चिम राजमार्ग अन्तरगत सप्तरीको कंचनरुप नगरपालिका वडा नं. २ स्थित महदेवपट्टी नजिकै यात्रुबाहक बसको ठक्करबाट एक बालकको ज्यान गएको छ ।

बिरगंजबाट विराटनगरतर्फ गइरहेको को.१ख. ५४३८ नम्बरको यात्रुबाहक बसले सडक पार गर्दै गरेका सोही वडा निवासी रोजित शेखका ८ बर्षीय छोरा आयन शेखलाई ठक्कर दिंदा घटनास्थलमै मृत्यु भएको हो ।

दुर्घटनाको जानकारी पाएपछी इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेको कमान्डमा १५ जनाको प्रहरी टोली घटनास्थलमा खटिएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

दुर्घटनापछि बस र बस चालक सुनसरी, इटहरी उपमहानगरपालिका ५ का ४५ वर्षीय मनोरथ पोखरेललाई इलाका प्रहरी कार्यालय भारदहले नियन्त्रणमा लिएको छ ।

दुर्घटना पशचात् आक्रोसित भएका स्थानीयले दिउँसो करिब २:१५ बजेदेखि टायर बालेर राजमार्ग अवरुद्ध गरेका थिए । प्रहरीले घटनास्थलमा पुगेर स्थानीयलाई सम्झाइबुझाइ गरि करिब साढे चार घण्टा पछी बाटो संचालनमा ल्याएको थियो ।

## जसपा नेपालले आइटी सेललाई स्थानीयतह सम्म विस्तार गर्ने

**दैनिक समाचारदाता**
**जनकपुर, १७ असार ।**

जनता समाजवादी पार्टी ( जसपा) नेपाल स्थानीय तह सम्म आइटी सेल विस्तारको नीति तय गरेको छ ।

सूचना संचार तथा विज्ञान प्रविधि विभागको आयोजनामा जनकपुरमा मंगलबार सम्पन्न दुई दिवसीय आइटी सम्बन्धि प्रशिक्षण लगतै पार्टीले आइटी सेललाई स्थानीयतह सम्म विस्तार गर्ने निर्णय गरेको जनाएको छ ।

सूचना संचार तथा विज्ञान प्रविधि विभागका संयोजक एवं जसपा नेपालका केन्द्रिय सदस्य जितेन्द्र कुमार यादवको संयोजकत्वमा १६ सदस्यीय केन्द्रिय आइटी सेलको गठन समेत गरेको छ ।

केन्द्रिय आइटी सेलले प्रदेश र जिल्ला हुँदै स्थानीय तह सम्म विस्तार गर्ने संयोजक यादवले बताए ।

समाजिक संजालको युगमा पार्टीको नीतिलाई जनता सम्म लैजान र समय समयमा बिपक्षीहरुले पार्टी विरुद्ध गर्दै आएको षडयन्त्रलाई चिर्न आइटी सेल प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास उनीहरुले लिएका छन ।

## श्रोत नखुलेको २८ लाख रकमसहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**वीरगन्ज, १७ असार ।**


श्रोत नखुलेको २८ लाख रकमसहित मंगलबार पर्सा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

प्रहरीले जिल्लाको पकहामैनपुर गाउँपालिकाका अनिल कुमार वर्णवाल, वीरगन्ज महानगरपालिका ३ का विनित श्रीवास्तव र बाराको परवानीपुर गाउँपालिका ४ का दीपक कुमार सोनारलाई पक्राउ गरेको हो ।

वीरगन्जको बिभिन्न ठाउँबाट तीनै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक (डीएसपी) एवं प्रवक्ता किशोर लम्सालले बताए ।

उनका अनुसार पक्राउ परेकाहरूमाथि अदालतबाट पाँच दिनको म्याद थप भई अनुसन्धान सुरु गरिएको छ ।

## चौधरी र डा. राउत जनमतको उपाध्यक्षमा मनोनीत






**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

जनमत पार्टीले दुई जनालाई मंगलबार पार्टीको राष्ट्रिय उपाध्यक्ष पदमा मनोनीत गरेको छ ।

कपिलवस्तु मायादेवी गाउँपालिकाका दानबहादुर चौधरी र सप्तरी महादेवा गाउँपालिकाका डा. जयकान्त राउतलाई मंगलबार उपाध्यक्ष मनोनीत गरिएको पार्टीका उपाध्यक्ष नरेन्द्र चौधरीले बताए ।

राजनीतिक अनुभव र जनस्तरसम्मको प्रभावका आधारमा दुवै नेतालाई उपाध्यक्षमा मनोनीत गरिएको उनले बताए ।

वरिष्ठ नेता दानबहादुर चौधरीले आफ्नो राजनीतिक यात्रा २०३९ मा गाउँको प्रधानपञ्चको रुपमा सुरू गरेका थिए । २०५६ मा एमालेबाट कपिलवस्तु क्षेत्र नम्बर १ बाट सांसद निर्वाचित भएका उनी २०६४ मा तत्कालीन तराई मधेस लोकतान्त्रिक पार्टी ( तमलोपा)बाट पनि संविधान सभा सदस्य भएका थिए । उनी उद्योग राज्यमन्त्री, सामान्य प्रशासन राज्यमन्त्री, र महिला, बालबालिका तथा समाज कल्याणमन्त्रीको जिम्मेवारीसमेत सम्हाली सकेका छन् ।

उपाध्यक्षमा मनोनीत भएका अर्का उपाध्यक्ष राउत राष्ट्रिय परिषद्का अध्यक्ष एवं सङ्गठन विभाग प्रमुख हुन् । उनी राष्ट्रिय योजना आयोगको सदस्य समेत पनि भइसकेका छन् ।

## झापामा कोभिडका आठजना संक्रमित फेला

**दैनिक समाचारदाता**
**झापा, १७ असार ।**

झापामा कोभिडविरुद्धको १५ हजार मात्रा खोप आएको छ । नयाँ खोप तालिकासहित जिल्लामा कोभिडविरुद्धको १५ हजार मात्रा फाइजर खोप आएको स्वास्थ्य कार्यालयका प्रमुख रमेश बाराकोटीले जानकारी दिएका छन् ।

"झापाका पालिकाहरूसँग समन्वय गरेर खोप वितरण गर्छौं," उनले भने, "अब नयाँ तालिकाअनुसार खोप कार्यक्रम अघि बढ्छ ।" नयाँ खोप तालिकाअनुसार पाँच प्रकारका जनसङ्ख्यालाई लक्षित गरिएको छ । रोगप्रतिरोध क्षमता कम भएका पाँच वर्षभन्दा माथिका बालबालिका, बयस्क र ज्येष्ठ नागरिकलाई प्राथमिकतामा राखिएको प्रमुख बाराकोटीले बताए ।

यसैगरी, स्वास्थ्यकर्मी र बिरामीको प्रत्यक्ष सम्पर्कमा आउने व्यक्ति, गर्भवती महिला, १२ वर्ष वा सोभन्दा माथि उमेरका अन्य व्यक्ति र पाँच वर्षदेखि ११ वर्षसम्मका अन्य बालबालिकालाई खोपको प्राथमिकतामा राखिएको छ । जिल्लामा आठजना कोभिड सङ्क्रमित फेला परेका छन् । तीमध्ये पाँचजना झापाका छन्भने मोरङ, इलाम र दोलखाका एक/एकजना रहेको बाराकोटीले जानकारी दिए ।

झापामा कोभिडको सङ्क्रमण देखिन थालेपछि मेचीनगर नगरपालिकास्थित काँकरभिट्टा नाकामा शङ्कास्पद मानिसको कोभिड परीक्षण हुन थालेको छ । "काँकरभिट्टा नाकामा कोभिड परीक्षणका लागि तीनजना खटिएका छन्," उहाँले भन्नुभयो, "जटिल प्रकृतिका बिरामीलाई कुन अस्पतालमा राख्ने भन्ने अन्योल छ ।"



## सम्पादकीय

### असारे कामको चटारो र विकास

आर्थिक वर्षको हामी अन्त्यतिर छौं । जसकारण अहिले नेपालभरि नै असारे कामले तिब्रता पाएको छ । यस अवधीमा वर्षभरि खर्च हुन नसकेका बजेटलाई हतार हतारमा सकाउन यस्ता कामले तिब्रता पाएको भन्ने कुरामा दुईमत नहोला । नेपालको प्रचलित भनाइ छ - “असारमा गोरु बेचेर पनि खेत जोत्नुपर्छ ।” यिनै भनाइको झल्को विकास निर्माणका कामहरूमा पनि देखिन्छ । असार महिनाको आगमनसँगै मुलुकभर सार्वजनिक निर्माणका कार्यहरू हतार-हतारमा गरिन्छन् । सडक ढल, पर्खाल, भवन, नालीदेखि योजनाहरूको शिलान्यासदेखी उद्घाटनसम्म गर्न भ्याइन्छ । यस्तो परिपाटीलाई नै “असारे काम“ भन्ने गरिन्छ ।

योजनाको समयमै सुरुआत नहुनु समस्याको जरो हो । अधिकांश स्थानीय तह, प्रदेश वा संघीय निकायहरू बजेट खर्च गर्न ढिलाइ गर्छन्, जसले गर्दा असारको अन्तिम सप्ताहमा मात्र खर्च गर्ने होड नै चल्छ । परिणामस्वरूप गुणस्तरमा कमी, पारदर्शितामा प्रश्न, र भ्रष्टाचारको आशंका जन्मिन्छ । हेर्दा काम भइरहेको देखिए पनि दीर्घकालीन लाभ भने हुँदैन । हतारमा गरिएको असारे काम वर्षा लागेपछि भत्किन्छ, जसले बजेटको दुरुपयोग मात्र होइन, नागरिकको जीवनमा थप जोखिम निम्त्याउँछ ।

विनियोजनपछि छिट्टै योजना सुरु गर्ने परिपाटी बसाल्नु पर्छ । स्थानीय तहहरूले योजना छनोट, टेन्डर प्रक्रिया र निगरानीलाई पारदर्शी र जिम्मेवार बनाउनुपर्छ । सम्बन्धित निकायहरूले मूल्यांकन प्रणाली मजबुत बनाउनु पर्छ । असारे कामले मुलुकको विकास होइन भ्रष्टाचारको गन्ध झल्काउछ । तसर्थ नयाँ आर्थिक वर्षको सुरुदेखी नै काम गर्ने परिपाटीलाई सुरु गर्नु पर्ने आवश्यकता रहेको छ । होइन भने यो परिपाटी अन्त्य नगरेसम्म जनताको करबाट उठेको बजेट पानीमा बगिरहनेछ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# शिक्षकसँग गरिएको सम्झौताअनुसार नै विधेयक ल्याउने तयारी भएको छ : शिक्षामन्त्री पन्त

काठमाडौं, १७ असार (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले नेपाल शिक्षक महासङ्घसँग गरिएको सम्झौताअनुसार नै विद्यालय शिक्षा विधेयक २०८० ल्याउने तयारी गरिएको बताउनुभएको छ ।

सोमबार प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिको बैठकमा उहाँले शिक्षकसँग गरिएका सम्झौता कार्यान्वयनका लागि थप केही समय माग गर्नुभयो ।

सोमबारको बैठकले विधेयक पारित गरेर जाने तयारी गरे पनि शिक्षामन्त्री पन्तले केही कुरा मिल्न बाँकी रहेकाले समय माग गर्नुभएको हो । उहाँले विधेयक सम्बन्धमा केही समय माग गरेपछि समिति सभापति अमरबहादुर थापाले बैठक स्थगित गर्नुभयो ।

“मन्त्रीका हैसियतमा मलाई सबै कुरा मिलाउन समय चाहिन्छ”, शिक्षामन्त्री पन्तले बैठकमा भन्नुभयो, “अहिले बैठक स्थगित गरौं । अलि परिपक्व भएर विधेयक पास गरौंला ।” उहाँले बजेट विनियोजन भइसकेकाले शिक्षकसँग गरिएका नौ बुँदे सहमतिअनुसार नै विधेयक ल्याउनेसमेत जानकारी दिनुभयो ।

बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले सहमतिबाट नै विधेयक जारी गर्नुपर्ने भएकाले नै विधेयक समितिबाट पास गर्न थप समय लाग्ने बताउनुभयो । उहाँले विधेयकमा केही कुरा मिल्न बाँकी रहेका र त्यसमा छलफल भइरहेको बताउनुभयो ।

समिति सदस्य छविलाल विश्वकर्माले अथक प्रयासबाट विधेयक ल्याउने तयारी गरे पनि केही बुँदा नमिलेकाले थप छलफल गर्नुपरेको बताउनुभयो । उहाँले अधिकांश कुरा मिलसकेको र मिल्न बाँकी विषयमा विलम्ब गर्न नहुने बताउनुभयो ।

समितिका धेरैजसो सदस्यले सोमबार रातभरि बसेर दफावार छलफल गरेर विधेयक पारित गर्नुपर्ने धारणा राख्नुभएको थियो । समिति सदस्य डिगबहादुर लिम्बूले विधेयकलाई चाँडै टुङ्ग्याएर आआफ्नो निर्वाचन क्षेत्रमा जानुपर्ने भएकाले सोमबारै पारित गर्न आग्रह गर्नुभयो ।

समिति सदस्य सुमना श्रेष्ठले सांसदले कानुन बनाउने भन्दै सोमबार नै विधेयक पारित गरेर जानुपर्ने बताउनुभयो । समिति सदस्य रेखा शर्माले विधेयकलाई अल्झाएर बस्न नहुने भन्दै सोमबारकै बैठकबाट पारित गर्नुपर्ने भनाइ राख्नुभयो ।

समिति सदस्य प्रभु हजाराले निजामती विधेयकभन्दा चाँडै ल्याउनुपर्ने शिक्षा विधेयकलाई कसैको चाहनामा रोक्न नहुने बताउनुभयो । ज्ञानु बस्नेत सुवेदीले रातभरि काम गरेर भए पनि विधेयक पारित गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

समिति सदस्य विद्या भट्टराईले विधेयक पारित गर्ने समय लम्ब्याएर राखेमा दबाब समूहले त्यतिधेरै दबाब दिने बताउनुभयो । समिति सदस्य दीपा शर्माले विधेयक पारित गर्न ढिलाइ गर्न नहुने बताउनुभयो ।

समिति सदस्य ईश्वरी घर्तीमगरले विधेयकलाई चाँडै टुङ्ग्याएर जानुपर्नेमा जोड दिनुभयो । समिति सभापति थापाले सरकारले चाँडै नै विधेयकलाई पारित गर्नेगरी काम अगाडि बढाउनुपर्ने बताउनुभयो ।

# सङ्घीय निजामती विधेयकमा बदमासी गर्नेलाई कारबाही गर्नुपर्छ : अध्यक्ष दाहाल

काठमाडौं, १७ असार (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सङ्घीय निजामती सेवा विधेयक पारित गर्ने क्रममा गम्भीर षड्यन्त्र भएको बताउनुभएको छ ।

योङ कम्युनिष्ट लिग, नेपाल (वाइसिएल) को केन्द्रीय पदाधिकारी बैठकलाई मंगलबार पेरिसडाँडामा सम्बोधन गर्दै अध्यक्ष दाहालले विधेयकमा चलखेल र छेडखानी गर्ने प्रवृत्तिलाई छुट दिन नसकिने भन्दै छानबिन गरेर कारबाही प्रक्रिया अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

“परिवर्तनका उपलब्धिहरू उल्ट्याउने षड्यन्त्र हुँदै आएको छ । सङ्घीय निजामती विधेयकमा षड्यन्त्र भएको छ,” उहाँले भन्नुभयो, “यो विधेयकमा कसले बदमासी गऱ्यो, त्यसको छानबिन गरी, चलखेल तथा छेडखानी गर्ने प्रवृत्तिमाथि कारबाही गराउनेतर्फ हामी लागेका छौं ।”

अध्यक्ष दाहालले संविधान र जनताको रगत-पसिनाबाट प्राप्त उपलब्धिहरूलाई उल्ट्याउने प्रवृत्ति यसअघि पनि देखिएको र अहिले पुनः त्यसको पुनरावृत्ति हुने खतरा औंल्याउनुभयो । “यथास्थिति र प्रतिगमन उल्ट्याउने प्रयास भइरहेको अवस्थामा हामीले पार्टीको अभियान रोकेर प्रतिवाद गऱ्यौं । अहिले पनि त्यो प्रवृत्ति जारी छ,” उहाँले भन्नुभयो ।

सो अवसरमा अध्यक्ष दाहालले वाइसिएल नेपाललाई पार्टीको विचार, लाइन र विधानप्रति पूर्ण प्रतिबद्धताका साथ अघि बढ्न आग्रह गर्नुभयो । पार्टीको आठौं महाधिवेशनले पारित गरेको विधान, विचार र लाइनलाई जनतासमक्ष लैजान आवश्यक रहेको उहाँको भनाइ थियो । अध्यक्ष दाहालले वर्तमान अवस्थामा वर्गसङ्घर्ष थप पेचिलो बन्दै गएको उल्लेख गर्दै विचार र नेतृत्वको रक्षा गर्दै एकताबद्ध रूपमा क्रान्तिकारी धारलाई बलियो बनाउनेतर्फ अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

“महाधिवेशनले सर्वसम्मत निर्वाचित गरेको नेतृत्व र विचारको रक्षा तथा संस्थागत गर्नु अहिलेको आवश्यकता हो,” उहाँले भन्नुभयो । वर्षायामपछि मध्यपहाडी लोकमार्गको अभियानलाई पूर्णता दिने जानकारी दिँदै अध्यक्ष दाहालले त्यसपछि सुरु गरिने सङ्गठन निर्माणको अभियानमा वाइसिएललाई सक्रिय सहभागिता जनाउन आग्रह गर्नुभयो ।

# वीरगञ्ज भन्सार : भारतबाट आयात चार खर्ब ३४ अर्ब, निर्यात ८७ अर्ब

पर्सा, १७ असार (रासस) ।

चालु आर्थिक वर्षको ११ महिनामा छिमेकी मुलुक भारत हुँदै वीरगञ्ज नाकामा रु चार खर्ब ३४ अर्ब २६ करोड मूल्यबराबरको वस्तु तथा सामान नेपाल भित्रिएका छन् । यो नाका हुँदै कुल आयातको ७६ दशमलव ८० प्रतिशत हिस्सा भारतबाट आयातित सामानको रहेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार यो नाका हुँदै आयात-निर्यातको सबैभन्दा धेरै हिस्सा छिमेकी मुलुक भारतसँग हुने गरेको छ । यो नाका हुँदै हुने वैदेशिक व्यापार भारतसँग धेरै जोडिएको छ । यो नाकामा भारतपछि धेरै वस्तु तथा सामान भित्रिने मुलुकमा अर्जेन्टिना पर्दछ । चालु आवको ११ महिनामा अर्जेन्टिनाबाट रु ४६ अर्ब ७४ करोड मूल्यका वस्तु तथा सामान यहाँ भित्रिएका छन् । सो मुलुकबाट भित्रिएका सामानको हिस्सा भने आठ दशमलव २७ प्रतिशत छ । त्यस्तै, छिमेकी मुलुक चीनबाट सोही अवधिमा रु २८ अर्ब ८६ करोडको वस्तु तथा सामान यहाँ भित्रिएका छन् । चीनबाट आयात हुनेको हिस्सा भने एक दशमलव २२ प्रतिशत छ ।

चालु आवको ११ महिनामा ५० वटा मुलुकबाट वीरगञ्ज नाकामा रु पाँच खर्ब ६५ अर्ब ४२ करोड मूल्यका वस्तु तथा सामान आयात भएका छन् ।

त्यसैगरी, वीरगञ्ज नाकाबाट चालु आवको ११ महिनामा रु ९१ अर्ब ५१ करोड मूल्यका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ । यो नाका हुँदै ११ महिनामा रु ८६ अर्ब ९७ करोडका वस्तु तथा सामान भारत निर्यात भएको छ । भारत निर्यातको हिस्सा भने ९५ दशमलव ०५ प्रतिशत छ । यो नाका हुँदै सोही अवधिमा धेरै निर्यात हुने दोस्रो मुलुक अमेरिका रहेको छ । जहाँ कुल निर्यातको दुई दशमलव ३८ प्रतिशत अर्थात् रु दुई अर्ब १८ करोड मूल्य पर्ने वस्तु तथा सामान निर्यात भएको छ । त्यस्तै अफगानिस्तानमा पनि यो नाका हुँदै सोही अवधिमा रु ६८ करोडको वस्तु तथा सामान निर्यात भएको छ ।

# असोज १५ लाई ‘राष्ट्रिय चलचित्र दिवस’ का रूपमा मनाइने

काठमाडौं, १७ असार (रासस) ।

प्रत्येक वर्ष असोज १५ गतेलाई ‘राष्ट्रिय चलचित्र दिवस’ मनाइने भएको छ । नेपाल चलचित्र विकास बोर्डको २५औँ वार्षिकोत्सवको अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले उक्त घोषणा गर्नुभयो ।

असार १३ बसेको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयअनुसार यस्तो घोषणा गरिएको उहाँले जानकारी दिनुभयो । “६० वर्षको गौरवमय इतिहास बोकेको अवसरमा हामीले चलचित्र आमाको प्रदर्शनको मितिलाई ध्यानमा राख्दै असोज १५ लाई राष्ट्रिय चलचित्र दिवसको घोषणा गरेका छौं । यसले नेपाली चलचित्रको इतिहासलाई उत्सवको रूपमा मनाउने क्रमलाई निरन्तरता दिनेछ ।”

त्यस अवसरमा बोर्ड स्थापना भएको वर्ष विसं २०५७ सालदेखि हालसम्म प्रदर्शन भएका सर्वाधिक कमाइ गर्ने २५ चलचित्रलाई सम्मान गरिएको थियो ।

# नेपाल 'सोलो एड्भेन्चर ट्राभल' सूचीको सातौं नम्बरमा

काठमाडौं, १७ असार (रासस) ।
नेपाल सन् २०२५ को एकल साहसिक यात्रा (सोलो एड्भेन्चेर ट्राभल) गन्तव्यको सातौं स्थानमा परेको छ । बेलायतस्थित साहसिक पर्यटन कम्पनी 'मच बेटर एड्भेन्चर्स' ले सार्वजनिक गरेको सूचीमा नेपाल सातौं स्थानमा परेको हो ।

नेपाल पर्यटन बोर्डले हालै देशको साहसिक, प्राकृतिक र सांस्कृतिक विविधता विश्व समुदायसामु प्रभावकारी ढङ्गले प्रस्तुत गर्दै आएको छ । बोर्डले प्रवर्द्धन गर्दै आएको उत्तरदायी पर्यटन, सहज पहुँच, स्थानीय गाइड प्रयोग र समुदाय-आधारित पर्यटन प्रवर्द्धनको नीतिले नेपाललाई एकल यात्रुका लागि थप सुरक्षित, भरपर्दो र रमणीय गन्तव्य बनाएको छ ।

'मच बेटर एड्भेन्चर'को सूचीका लागि नेपाललाई अद्वितीय भू-दृश्य, समृद्ध संस्कृति, बजेटमैत्री सेवा र विविध साहसिक गतिविधिका लागि उच्च मूल्याङ्कन गरिएको छ । यसमा एभरेष्ट बेसक्याम्प ट्रेक, अन्नपूर्ण सर्किट र चितवन राष्ट्रिय निकुञ्जमा जङ्गल सफारीजस्ता गतिविधिले नेपाललाई आत्मिक शान्ति खोज्ने र साहसिकतामा रमाउने एकल पर्यटकहरूको प्रमुख रोजाइमा रहेको उल्लेख छ ।

पर्यटन बोर्डले एकल यात्रुको अनुभवलाई अझै समृद्ध बनाउने उद्देश्यले गन्तव्यमा आवश्यक सूचना, स्थानीय गाइडमार्फत सुरक्षित यात्रा र संस्कृति, प्रकृति तथा साहसिक क्रियाकलापको सन्तुलित संयोजनमा जोड दिएको छ । बोर्डले प्रवर्द्धन गर्दै आएको उत्तरदायी पर्यटन नीतिअन्तर्गत हिमाली क्षेत्र, निकुञ्ज र ऐतिहासिक सम्पदास्थलहरूमा स्थानीय समुदायको सहभागिता र संरक्षणलाई प्राथमिकतामा राखेको छ ।

नेपालको यात्रा लागत औसतमा सस्तो पर्ने भएकाले नेपाललाई बजेटमैत्री गन्तव्यका रूपमा पनि मूल्याङ्कन गरिएको छ । जसमा भनिएको छ, "नेपालमा सस्तो आवास, सहुलियतपूर्ण प्याकेज र प्रचुर सांस्कृतिक तथा प्राकृतिक अनुभव पाउन सकिन्छ ।"

मच बेटर एड्भेन्चर्सका सहसंस्थापक श्याम ब्रुसका अनुसार, यो सूची विशेषज्ञहरूको सुझाव र ग्राहकको यात्रा अनुभवका आधारमा तयार गरिएको हो । यसमा सुरक्षा, दिगोपन, पहुँचयोग्य, र लोकप्रियता जस्ता पक्षहरू समेटिएका छन् ।

उहाँ भन्नुहुन्छ, "नेपालले एकल यात्रुहरूलाई अद्भुत प्रकृति, गहिरो आध्यात्मिकता र हार्दिकतापूर्ण सत्कार प्रदान गर्छ, चाहे त्यो काठमाडौंका व्यस्त गल्लीहरू हुन् वा हिमाली क्षेत्रका शान्त र रमणीयस्थलहरू नै किन नहुन् ।"

त्यसैगरी मच बेटर एड्भेन्चर्सका कन्टेन्ट म्यानेजर किर्स्टी होल्मसले भर्खरै नेपालको एकल यात्रा गर्नुभएको थियो । उहाँले आफ्नो अनुभव उल्लेख गर्दै भन्नुभएको छ, "अन्नपूर्ण संरक्षण क्षेत्रमा हिँड्दा र चितवनमा घुम्दा म आफू घरमा पुगेको अनुभूति भयो ।" मच बेटर एड्भेन्चर्सको प्रमुख १० गन्तव्यमा इटाली पहिलो नम्बरमा छ भने क्रमशः जापान, नर्वे, स्पेन, अल्बानिया, पोर्चुगल, नेपाल, मोन्टेनेग्रो, जोर्डन र ग्रिस रहेका छन् ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले यस्ता अन्तरराष्ट्रिय सूचीकृत सफलतालाई बोर्डले अवसरका रूपमा प्रयोग गर्दै थप रणनीतिक प्रवर्द्धन र गन्तव्य सुधारका पहलहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित

सिरहा, १७ असार (रासस) ।
असार महिनाको मध्यभागसम्म आइपुग्दा पनि सिरहाका धेरै खेत सुक्खै छन् । खेत जोतिएको छ, बीउ पनि तयार छ, तर वर्षा नहुँदा रोपाइँ थाल्न नसकेका किसान आकाशतिर हेर्दै पानीको पर्खाइमा छन् । सिँचाइको भरपर्दो व्यवस्था नहुँदा सिरहाका किसान मंगलबार पनि आकासे पानीको भरमा खेती गर्न विवश छन् ।

रोपाइँ सकेर हरियाली भइसक्नुपर्ने खेत अझै सुनसान छन् । कहिले वर्षा होला र धान रोपाइँ सुरु गर्न पाइएला भनेर किसानको अनुहारमा चिन्ता झल्किन थालेको छ । वर्षा लागिसकेको भए पनि पर्याप्त पानी नपर्दा उनीहरूको पर्खाइ लम्बिँदै गएको छ ।

"समयमा वर्षा नहुँदा रोपाइँ गर्न पाइएन । पानी परेपछि मात्र काम अघि बढ्छ" लहान नगरपालिका-२३ का रामकुमार यादवले भन्नुभयो, "हामी त हरेक बिहान आकाश हेर्छौं । कहिले बादल लाग्छ, कहिले घाम आउँछ । तर, पानी पर्दैन ।" उहाँले रोपाइँका लागि झण्डै दुई बिघा खेत जोतिसक्नुभएको छ, बीउ पनि तयार छ, तर वर्षा नहुँदा हात बाँधेर बस्न बाध्य हुनुपरेको छ । वर्षा नहुँदा रोपाइँको याम नै खेर जाने चिन्ता बढेको उहाँले बताउनुभयो ।

सिरहालगायत तराईका अन्य जिल्लामा अझैपनि अधिकांश किसान आकाशे पानीमै भर पर्ने गर्दछन् । सिँचाइको सुविधा नहुँदा वर्षाको भरमा खेती गर्ने किसानलाई प्रत्येक वर्ष असार महिनामा आकाशले साथ दिने/नदिने कुराले ठूलो प्रभाव पार्छ ।

कृषि ज्ञान केन्द्र सिरहाका सूचना अधिकारी किरण विश्वकर्माका अनुसार जिल्लामा कुल ५४ हजार हेक्टर धान खेतीयोग्य जमिन छ । तर हालसम्म जम्मा १८ प्रतिशत मात्रै रोपाइँ सम्पन्न भएको छ । उहाँले भन्नुभयो, "अहिलेसम्म भएको रोपाइँ पनि किसानले बोरिङको सहायताले गरेका हुन् ।"

कृषि ज्ञान केन्द्रको आकलनअनुसार केही दिनभित्र पर्याप्त वर्षा नभए बाँकी खेतीयोग्य जमिनमा रोपाइँ गर्ने समय ढिला हुँदै जान्छ । यसको प्रत्यक्ष असर धान उत्पादनमा पर्नेछ । सिँचाइ सुविधा विस्तार, जल सञ्चयन प्रणालीको विकास, र मौसमी पूर्वानुमानमा आधारित कृषि तालिकाको आवश्यकता किसानले बारम्बार उठाउँदै आएका छन् ।

# 'कृषि र शिक्षा क्षेत्रमा बजेट पर्याप्त भएन'

काठमाडौं, १७ असार (रासस) ।
राष्ट्रियसभाका सदस्यहरूले कृषि र शिक्षा क्षेत्रमा बजेट पर्याप्त नभएको बताउनुभएको छ ।

राष्ट्रियसभाको बैठकमा विनियोजन विधेयक २०८२ का विभिन्न शीर्षकमध्ये मंगलबार तोकिएका मन्त्रालयको विनियोजन शीर्षकमाथि सामूहिक छलफलमा भाग लिँदै सदस्य युवराज शर्माले शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत माग भएकामा विगत वर्षको भन्दा घटेको बताउनुभयो । शिक्षा क्षेत्रलाई बढी महत्व दिनुपर्नेमा त्यस्तो हुन नसकेको उहाँको भनाइ थियो ।

राष्ट्रियसभा सदस्य नरबहादुर विष्टले विगतका सरकारले ल्याएका राम्रा कार्यक्रममा अहिलेको सरकारले निरन्तरता दिन नसकेको आरोप लगाउनुभयो । कृषि र शिक्षा क्षेत्रमा बजेट आवश्यक मात्रामा व्यवस्था हुन नसकेको उहाँको भनाइ थियो ।

सदस्य जयन्तीदेवी राईले शिक्षामा पर्याप्त मात्रामा बजेट नभएको बताउनुभयो । सदस्य रेणु चन्दले प्रतिनिधिसभामा निजामती विधेयक पारित गरेभन्दा फरक कसरी भयो त्यसको छानबिन गर्न माग गर्नुभयो । कृषिमा बजेट कम भएको उहाँको गुनासो थियो ।

सदस्य कृष्णबहादुर रोकायाले बजेटले सन्तुलित विकासको अवधारणालाई समेटेर अघि बढेको बताउनुभयो । पुराना आयोजनालाई अलपत्र नपारी बजेट विनियोजन गर्नुपर्ने उहाँको भनाइ थियो ।

सदस्य कृष्णप्रसाद अधिकारीले बजेट भूगोलअनुसार सन्तुलित नभएको बताउनुभयो । सदस्य गङ्गाकुमारी बेल्वासेले कृषि र शिक्षा क्षेत्रमा बजेट पर्याप्त नभएको बताउनुभयो । कृषिलाई हल्का तरिकाले बजेटमा प्रस्तुत गरिएको उहाँले उल्लेख गर्नुभयो ।

# धानचामल आयातमा करिब रु १७ अर्ब करोड ८२ वृद्धि

काठमाडौं, १७ असार (रासस) ।
मुलुकमा धानचामल आयात गत वर्षको तुलनामा करिब रु १७ अर्ब ८२ करोड वृद्धि भएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चालु आर्थिक वर्षको जेठ मसान्तसम्म रु ३८ अर्ब ९४ करोडको धानचामल आयात गरेकामा गत आवको सोही अवधिमा रु २१ अर्ब १२ करोड बराबरको आयात गरिएको थियो । प्रत्येक महिना औसत रु तीन अर्बभन्दा धेरैको धानचामलको आयात बढेकाले असार मसान्तसम्म थप रु तीन अर्ब मूल्यको आयात हुने अनुमान गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो ।

भारत सरकारले आफ्ना उद्योगीलाई केही वर्षदेखि निर्यातमा लगाएको कर घटाएका कारण त्यसको नकारात्मक प्रभावले आयात बढी भएको तथा तीन वर्षदेखि 'बफर स्टक'मा रहेको धानचामल तुलनात्मक रूपमा केही सस्तो मूल्यमा पाइएका कारण पनि नेपालमा आयात बढेको छ ।

मन्त्रालयका अनुसार चालु आवको ११ महिनामा रु १७ अर्ब ७८ करोड बराबरको चामल आयात भएको तथ्याङ्क छ । गत वर्ष सो अवधिमा रु १२ अर्ब ४३ करोडको चामल आयात भएको थियो । बाह्य मुलुकबाट वस्तु स्वदेश आयात वृद्धि हुँदा व्यापारघाटा थप नकारात्मक हुने अनुमान गरिएको छ ।

मन्त्रालयका सूचना अधिकारी जोशीका अनुसार सामान्यतया देशमा वार्षिक करिब ७० लाख मेट्रिक टन धानको माग रहेकामा करिब ६० लाख मेट्रिक टन धान स्वदेशी उत्पादन हुने गरेको छ । करिब १० लाख मेट्रिक टन अपुग धान आयात हुने गरेको छ । स्वदेशी उत्पादनले धानचामलको माग धान्न नसक्दा आपूर्ति सहज बनाउन आयात गरिन्छ ।

कृषि उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्न किसानलाई समयमै मल, बीउ, सिँचाइ सुविधा, अनुदानको व्यवस्थासहित यस क्षेत्रमा नीतिगत सुधार आवश्यक रहेको जानकारहरूले बताउने गरेका छन् ।

## विश्व समाचार

### दक्षिणी भारतको एक औषधि कारखानामा विस्फोट हुँदा ३६ जनाको मृत्यु

हैदराबाद (भारत), १७ (असार/एपी) ।
भारतको दक्षिणी राज्य तेलङ्गानाको एक औषधि कारखानामा सोमबार भएको ठूलो विस्फोट र आगलागीमा ज्यान गुमाउनेको सङ्ख्या कम्तीमा ३६ पुगेको र करिब तीन दर्जन घाइते भएको अधिकारीहरूले मङ्गलबार बताएका छन् ।

राज्यको राजधानी हैदराबादबाट करिब ५० किलोमिटर (३१ माइल) टाढाको औद्योगिक क्षेत्रमा भएको दुर्घटना स्थलबाट दमकलकर्मीहरूले ३४ जना कामदारका जलेका शवहरू फेला पारेको राज्यका दमकल सेवा निर्देशक जी.भी. नारायण रावले बताउनुभयो ।

अन्य दुई कामदारको जलेको अवस्थामा मृत्यु भएको र उनीहरूलाई अस्पतालमा मृत घोषित गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार थप कामदारहरू फसेका छन् कि छैनन् भनेर पत्ता लगाउन सिगाची इन्डस्ट्रिजको नष्ट भएको औषधि एकाइको भग्नावशेष हटाउने काम भइरहेको छ ।

करिब तीन दर्जन घाइते कामदारलाई अस्पतालमा भर्ना गरिएको छ । "कारखानाको सम्पूर्ण संरचना भत्किएको छ । आगो निभाइएको छ र हामी आगामी केही घण्टामा भग्नावशेष हटाउने काम सकिने आशा गर्छौं", रावले भन्नुभयो । रावका अनुसार कारखानाको स्प्रे ड्रायर युनिटमा सोमबार विस्फोट र त्यसपछिको आगलागी भएको रिपोर्ट गरिएको थियो, जुन कच्चा माललाई औषधि बनाउनका लागि फाइन पाउडरमा प्रशोधन गर्न प्रयोग गरिन्छ ।

राज्यका स्वास्थ्यमन्त्री दामोदर राजा नरसिंहले विस्फोट हुँदा कारखानाभित्र एक सय आठ कामदार रहेको जानकारी दिनुभयो ।

"शवहरू नराम्ररी जलेको र विकृत भएपछि डिएनए परीक्षण गर्न विशेष मेडिकल टोली तैनाथ गरिएको छ", राज्य सरकारले घटनाको कारण अनुसन्धान गर्न प्यानल गठन गरेको उल्लेख गर्दै नरसिंहले भन्नुभयो।

प्रत्यक्षदर्शीहरूले घटनास्थलबाट केही किलोमिटर टाढाबाट विस्फोटको आवाज सुनेको बताएका छन् । भारत विश्वका केही शीर्ष औषधि कम्पनीहरूको घर हो । औषधि कम्पनीहरूले जेनेरिक औषधि र खोपहरूको विश्वव्यापी आपूर्तिमा महत्वपूर्ण भूमिका खेल्छन् । देशको बलियो उत्पादन र लागत प्रभावी उत्पादनले यसलाई फार्मा दिग्गजहरूका लागि केन्द्र बनाएको छ ।

विशेष गरी रासायनिक रिएक्टरहरूसँग सम्बन्धित औद्योगिक दुर्घटनाहरू त्यस्ता कारखानाहरूमा असामान्य छैनन् । यसले सार्वजनिक स्वास्थ्यका लागि महत्वपूर्ण क्षेत्रमा कडा सुरक्षा प्रोटोकल र नियामक निरीक्षण लागू गर्न अधिकारीहरूको आवश्यकतालाई जोड दिन्छ ।

कम्पनीको वेबसाइट अनुसार सिगाची इन्डस्ट्रिज लिमिटेड सक्रिय औषधि सामग्री, मध्यवर्ती र भिटामिन-खनिज मिश्रणहरूसँग व्यवहार गर्ने एक भारतीय कम्पनी हो । यसका भारतभर पाँच उत्पादन सुविधा र अमेरिका र संयुक्त अरब इमिरेट्समा सहायक कम्पनीहरू छन् ।

### थाइल्यान्डका प्रधानमन्त्री निलम्बित

बैङ्कक, १७ असार (रासस/एएफपी) ।
थाइल्यान्डका प्रधानमन्त्री पेटोङटार्न सिनावात्रालाई संवैधानिक अदालतले मङ्गलबार निलम्बन गरेको छ । अदालतले कम्बोडियासँगको कूटनीतिक विवादमा उहाँको आचरणको बारेमा छानबिन सुरु गर्दै निलम्बन गरेको हो । मुलुकको राजनीति वर्षौंदेखि रूढीवादी, सैन्य समर्थक, शाही समर्थक अभिजात वर्ग र सिनावात्रा परिवारबीचको सङ्घर्षले हावी भएको छ । सिनावात्रा परिवारलाई रूढीवादी, सैन्य समर्थक र शाही समर्थक अभिजात वर्गले थाइल्यान्डको परम्परागत सामाजिक व्यवस्थाका लागि खतरा मान्छन् ।

अड्तीस वर्षीया पेटोङटार्नलाई उहाँका बुबा एवं पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्राले शाही मानहानिको आरोपमा फौजदारी अदालतको सामना गर्नुपरेको दिन नै झट्का लागेको छ । पेटोङटार्नले एक वर्षभन्दा कम समयअघि सत्ता सम्हाल्नुभएको थियो, तर संवैधानिक अदालतले सीमा विवादका क्रममा उहाँले मन्त्रिपरिषद्को नैतिकता उल्लङ्घन गर्नुभयो कि भएन भनेर विचार गरिरहेकाले उहाँलाई निलम्बन गरिएको छ ।

कम्बोडियासँग लामो समयदेखि चलिरहेको क्षेत्रीय विवाद मे महिनामा सीमापार झडपमा परिणत हुँदा एक कम्बोडियाली सैनिकको मृत्यु भएको थियो । लिक भएको रेकर्डिङ अनुसार जब पेटोङटार्नले कम्बोडियाका पूर्व नेता हुन सेनलाई तनावबारे छलफल गर्न फोन गर्नुभयो, उहाँले हुन सेनलाई 'काका' भन्नुभयो र एक थाई सैन्य कमान्डरलाई आफ्नो 'प्रतिद्वन्द्वी' भनेर उल्लेख गर्नुभयो । उक्त फोनवार्ताले व्यापक आक्रोश निम्त्यायो ।

### बङ्गलादेशमा डेङ्गु सङ्क्रमितको सङ्ख्या १० हजारभन्दा बढी, ४२ जनाको मृत्यु

ढाका, १७ असार (रासस/सिन्ह्वा) ।
बङ्गलादेशमा जुन महिनामा डेङ्गुका मामिला उल्लेखनीय रूपमा बढ्दा यस वर्ष अहिलेसम्म १० हजारभन्दा बढी सङ्क्रमित हुनुका साथै ४२ जनाको मृत्यु भएको जनाइएको छ । मे महिनामा एक हजार सात सय ७३ मानिस भाइरल रोगबाट सङ्क्रमित भएपछि जुनसम्म पाँच हजार नौ सय ५१ थप डेङ्गुका घटनाहरू रेकर्ड गरिएको छ ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशालय (डिजिएचएस) ले सोमबार सार्वजनिक गरेको तथ्याङ्कले यस वर्ष अहिलेसम्म डेङ्गुका सङ्क्रमितको सङ्ख्या १० हजार दुई सय ९६ पुगेको देखाएको छ । सोमबार स्थानीय समयअनुसार ८:०० बजेसम्म २४ घण्टामा राजधानी ढाकामा ८७ सहित कुल चार सय २९ नयाँ डेङ्गुका घटना रिपोर्ट गरिएको डिजिएचएसको तथ्याङ्कले देखाएको छ ।

जुनमा १९, मेमा तीन, अप्रिलमा सात, फेब्रुअरीमा तीन र जनवरीमा १० जनाको मृत्यु भएको डिजिएचएसले जनाएको छ । यस वर्ष जनवरी १ देखि जुन ३० सम्म देशभरका विभिन्न अस्पतालबाट उपचारपछि नौ हजार ८७ जना डेङ्गुका बिरामी घर फर्केका छन् । जुन-सेप्टेम्बर मनसुन अवधि बङ्गलादेशमा डेङ्गु ज्वरोको मौसम हो । बङ्गलादेश लामखुट्टेबाट हुने रोगहरूको उच्च जोखिममा रहेको राष्ट्र हो ।

# आधारभूत पत्रकारिता तालिम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

सप्तरीको विष्णुपुर गाउँपालिकामा सञ्चालित सात दिने आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको छ ।

"नागरिक सचेतनाका लागि सञ्चार" मूल नाराका साथ असार ११ गते देखि सञ्चालन गरिएको तालिम मंगलबार सम्पन्न भएको हो ।

तालिमको समापन समारोहमा बोल्दै प्रमुख अतिथि विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले यस गाउँपालिकामा पत्रकार उत्पादन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बताए ।

पालिकामा पत्रकार नहुँदा यहाँको विभिन्न समस्या र विकासका कामहरु मिडियामा कम आउने गरेको आवश्यकतालाई महसुस गरेर सबै वडाबाट सहभागि छनौट गरी तालिमा सहभागि गराईएको जानकारी दिए । सीपमूलक तालिम दिएर पालिकाका युवाहरुलाई स्वरोजगार बनाउने लक्ष्य अनुरुप अगाडी बढेको प्रष्ट पार्दै उनले पत्रकारिता गरेर स्वरोजगारमा लाग्न सकिने विश्वास व्यक्त गरे ।

उनले तालिमका सहभागिहरु सिकेको सीपलाई उपयोग गरेर सकारात्मक र नकारात्मक दुवै समाचार लेख्न आग्रह गरे । "तालिमलाई तालिममा मात्र सिमित नगर्नुस्, यस पालिकामा कृषि, सडक, सिंचाई, शिक्षा लगायतको क्षेत्रमा धेरै काम भएको छ । त्यसलाई सञ्चार माध्यम मार्फत उजागर गर्नुस्" अध्यक्ष यादवले भने ।

आउने दिनमा यस पालिकाबाट पत्रकारिता गर्ने पत्रकारहरुको लागि हरेक किसिमको सहयोग र सपोर्ट गर्ने उनले प्रतिवद्धता जनाए । "सत्य तथ्यमा आधारित रहेर निष्पक्ष र स्वतन्त्र भएर पत्रकारिता गर्नुस्" सहभागिहरुलाई यादवले आग्रह गरे ।

यस्तै विशिष्ठ अतिथि नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवण कुमार देवले पत्रकार आचारसंहिताको पालना गरेर पत्रकारिता गर्न आग्रह गरे । आचारसंहिताको लक्ष्मण रेखा नाघेर पत्रकारिता गर्नेहरु जोखिमा पर्ने भएको हुँदा त्यस प्रति सचेत रहेर पत्रकारिता गर्नेहरुको स्तरवृद्धिका लागि नेपाल पत्रकार महासंघले पनि सहयोग गर्ने प्रतिवद्धता जनाए ।

अभिव्यक्ति मिडिया प्रालिका अध्यक्ष एवं आमसञ्चार प्राधिकरणका पुर्व अध्यक्ष श्यामसुन्दर यादवको अध्यक्षतामा आयोजित समापन समारोहमा वडा नम्बर १ का वडाध्यक्ष बलराम यादव, वडा नम्बर ५ का वडाध्यक्ष जिवछ मंडल, वडा नम्बर ७ का वडाध्यक्ष लोचन साह र तालिमका प्रमुख प्रशिक्षक विनय कुमार लाल कर्णले सहभागिहरुलाई पत्रकारिता गरेर स्थानिय समस्या र विकासका कामहरु मिडियामा ल्याउन सुझाव दिए ।

समापन समारोहमा प्रमुख अतिथि यादव सहितका अतिथिहरुले सहभागिहरुलाई प्रमाणपत्र वितरण गरे । यसैगरि आयोजक संस्थाका अध्यक्ष श्यामसुन्दर यादवले प्रमुख अतिथि सहित अतिथि र प्रशिक्षकलाई प्रशंसापत्र प्रदान गरेका थिए ।

# पर्सामा पोषण पूरकमा पाँच गुणाभन्दा बढी असुल्ने पक्राउ

पर्सा, १७ असार (रासस) ।

पोषण पूरक औषधि (फुड सप्लिमेन्ट औषधि) को पाँच गुणाभन्दा बढी मूल्य कायम गरेर बिक्री गर्ने एक जनालाई प्रहरीले वीरगञ्जबाट पक्राउ गरेको छ ।

सीमावर्ती बजार रक्सौलबाट फुड सप्लिमेन्ट औषधि खरिद गरेर वीरगञ्जमा जभाभावी मूल्य राखेर प्याकिङ तथा बेचबिखन गर्दै आएका वीरगञ्ज महानगर-२६ का जितेन्द्रप्रसाद कुर्मीलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता किशोर लम्सालले २१ थरिका विभिन्न फुड सप्लिमेन्ट औषधि कालोबजारी गरेको अभियोगमा कुर्मीलाई पक्राउ गरेर कालोबजारीअन्तर्गतको कसुरमा थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो ।

"भारतबाट सस्तो मूल्यमा खरिद गरी नेपाल भित्राई उक्त औषधिहरूको बट्टामा आफुखुसी मूल्य राखेर बेचबिखन गरेको सूचनाका आधारमा पक्राउ गरेका हौं", उहाँले भन्नुभयो । कुर्मीबाट करिब रु २५ लाख मूल्य पर्ने औषधि बरामद गरेको प्रहरीले जनाएको छ ।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि

**दैनिक समाचारदाता**
**काठमाडौँ, १७ असार ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ । निगमले पेट्रोलमा प्रतिलिटर रु पाँचले वृद्धि गरेको छ ।

यस्तै, मट्टितेल र डिजलमा प्रतिलिटर चार रुपैयाले वृद्धि गरेको छ । नयाँ मूल्यअनुसार पेट्रोल प्रतिलिटर रु १६५ पुगेको छ भने डिजल र मट्टितेल प्रतिलिटर रु १४९ पुगेको छ ।

यस्तै, हवाई इन्धन अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर ५१ ले वृद्धि भएको निगमले जनाएको छ ।


**राजबिराज नगरपालिका**
**६ नं. वडा कार्यालय**
**राजबिराज, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

पत्र संख्या : २०८१ ०८२
चलानी नं : १४००

मिति :-२०८२।०३।१६

**विषय :- सुचना प्रकाशित गरिदिने बारे ।**

श्री ......................................

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा न. १६ बस्ने छोटे लाल दासको छोरा संजय दासको पत्नी ना.प्र.न. ७६८ जारी मिति हाल राजविराज न. पा. वडा न. ६ बस्ने सुषमा केडिया दासको मिति २०८२/०३/१६ को दर्ता न. १२०१ को निबेदन मांग हुन आएको हुदा सो सम्बन्धमा छोटे लाल दासको छोरा सुषमा केडिया दासको पति स्व. संजय दासको नाममा तपसिल बमोजिमको जग्गा कायम रहेको र मिति २०८१/०३/११ गते सुषमा केडिया दासको पति स्व. संजय दासको मृत्यु भईसकेकोले उक्त जग्गाको हक आपुतली खाने मृतकको पत्नी सुषमा केडिया दासको नाउँमा सिफारिस गरिदिएमा अरु कसैको हकदाबी ,अंस रहेको भए सो आफु संग भएको सबुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ पैतिस दिन भित्र आई दिनु होला अन्यथा कानुन बमोजिम भई जाने छ ।

**तपसिल**

| क्र.स. | जिल्ला | गा.वि.स./न.पा. | वडा न. | कित्ता न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | सप्तरी | मलेकपुर | ८ | १६७ | ०-०-११ |
| २ | सप्तरी | " | ८ | ३३८ | ०-०-१० |
| ३ | सप्तरी | " | ९ | १७७ | ०-०-८.५ |

शशी कुमार चौधरी
वडा अध्यक्ष


# सुनचाँदी व्यवसायी संघका जायज माग सरकारले सम्बोधन गर्नुपर्छ : कांग्रेस नेता निधि

**दैनिक समाचारदाता**
**जनकपुर, १७ असार ।**

प्रतिनिधिसभा सदस्य एवं पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले सुनचाँदी व्यवसायीका जायज माग सम्बोधन गरिनुपर्ने बताएका छन् ।

जनकपुरधाममा मंगलबार सुनचाँदी व्यवसायीसँगको भेटमा उनले सुनलाई विलासिताको विषयका रूपमा मात्रै हेर्न नहुने भन्दै जायज मागलाई सरकारले तत्काल सम्बोधन गर्नुपर्नेमा जोड दिए ।

हाल देशभर आन्दोलनमा रहेका सुनचाँदी व्यवसायीको माग सम्बोधन गर्न सरकारले तत्काल कार्यदल गठन गरेर निष्कर्ष पुग्न उचित हुने नेता निधिको भनाइ थियो ।

यसअघि पनि आफूलाई सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय पदाधिकारीले काठमाडौँमै भेटेर कुरा राखेको र यस विषयमा आफूले पार्टी सभापति शेरबहादुर देउवालाई समेत जानकारी गराइसकेको बताए ।

# मनसुनका एक महिनामा ३१ जनाको मृत्यु, १ सय १२ घाइते

**दैनिक समाचारदाता**
**काठमाडौँ, १७ असार ।**

गत जेठ १५ देखि यही असार १६ गतेसम्म ६७४ वटा मनसुनजन्य विपद्का घटना भएका छन् । ती घटनामा ३१ जनाको मृत्यु भएको छ भने ११२ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त अवधिमा पहिरोका ८७ घटनामा २५ घरमा आंशिक र ११ घरमा पूर्णक्षति भएको छ । समीक्षा अवधिमा एउटा पुल, सातवटा गोठ र १४ चौपाया मरेका छन् । पहिरोबाट रु दुई करोड २१ लाख बराबरको क्षति भएको छ ।

यसैगरी, बाढीका ६४ घटनामा चार जनाको मृत्यु भएको तथा चार जना नै घाइते भएका छन् । बाढीबाट १२३ परिवार प्रभावित भएका छन् । चार वटा घरमा क्षति भएको छ । चट्याङका ८२ वटा घटनामा आठ जनाको मृत्यु भएको, २० जना घाइते भएका छन् । हुरीका ४५ घटनामा एक जनाको मृत्यु भएको तथा तीन जना घाइते भएका छन् । विपद्का घटनामा रु २६ करोडको आर्थिक क्षति भएको छ ।


## जलवायु परिवर्तनको असरबाट जोगिऔं

**जलवायु परिवर्तनका असर:**

- हिउँ पग्लने र हिमाल नाङ्गा डाँडामा परिणत हुने,
- बाढी, पहिरो र सुख्खा बढ्दै जाने,
- कृषि प्रणालीमा असर पर्ने,
- जैविक विविधताको विनाश हुने,
- वातावरणीय प्रणालीमा प्रभाव पर्ने,
- तापक्रममा बृद्धि हुने,

**जलवायु परिवर्तनबाट बच्नः**

- नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
- रूख रोपौं वनजंगलको संरक्षण गरौं,
- पुराना सवारी साधनको प्रयोग नगरौं
- जलवायु शिक्षामा जोड दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*